निर्णयहरु :

१.मर्स्याङ्दी गाउँपालिका अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

२. मर्स्याङ्दी गाउँपालिका अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्बन्धि कार्यविधि, २०७५ को दफा ६ को उपदफा १ मा व्यवस्था भएको स्थानीय समन्वय समितिका पदेन बाहेक अन्य पदहरुमा निम्नानुसारले मनोनयन गर्ने निर्णय गरियो ।

उपदफा १ को (ख) मा व्यवस्था भएको गाउँपालिकाको महिला सदस्य मध्येबाट गाउँपालिकाले तोकेको महिला सदस्य - कार्यपालिका सदस्य श्री अनिता वि.क. ।

उपदफा १ को (ग) मा व्यवस्था भएको गाउँपालिका भित्रका मा.वि. का प्र.अ. वा श्रोत व्यक्ति मध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति - चन्द्रोदय मा.वि., बाहुनडाँडाका प्र.अ. श्री पुन्यप्रसाद खनिया ।

उपदफा १ को (छ) मा व्यवस्था भएको गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य सहित तीन जनामा मर्स्याङ्दी गाउँपालिका वडा नं. १ का कमल गुरुङ , मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ का बिमाया तामाङ र मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ का टुं घले ।

उपदफा १ को (झ) मा व्यवस्था भएको गाउँपालिकाको उपाध्यक्षले तोकेको गाउँपालिकाको सामाजिक तथा आर्थिक विकास शाखाको प्रमुख तथा उक्त शाखाको कर्मचारीमा ना.सु. राम बहादुर थापा ।

३. गण्डकी प्रदेशद्धारा बनाईएको होम स्टे संचालन कार्यविधि, २०७५ को दफा ४ को उपदफा २ मा व्यवस्था भएको होमस्टे निरिक्षण समिति निम्नानुसारले गठन गर्ने निर्णय गरियो ।

क) संयोजक - गाउँपालिकाका उपाध्यक्ष श्री होम बहादुर बि.क.

ख) सदस्य - सम्बन्धित वडाको वडा अध्यक्ष

ग) सदस्य - स्वास्थ्य शाखा प्रमुख श्री रमानाथ घिमिरे

घ) सदस्य - कृषि शाखा प्रमुख श्री बरसाती गडरीया

ङ) सदस्य - बन तथा वातावरण शाखा हेर्ने कर्मचारी ना.सु. श्री डिल्लीराम शर्मा

४. लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान मनाउनको लागि गाउँपालिकाको ४ स्थानमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रमका लागि गाउँपालिका स्तरीय महिला सञ्जाललाई जिम्मेवारी दिने र सो कार्यक्रमका लागि २ लाख रुपैंया वजेट **वालविवाह, लैंगिक हिंसा, जातीय भेदभाव तथा छुवाछुत विरुद्ध सचेतना कार्यक्रम** शिर्षकबाट उपलब्ध गराउने र उक्त वजेट खर्च गर्नका लागि सहज बनाउनका लागि गाउँपालिकाको सामाजिक तथा आर्थिक विकास शाखा प्रमुखलाई पेश्की उपलब्ध गराई कार्यक्रम गर्ने निर्णय गरियो ।

५. आगामी मंसिर १७ गते विश्व अपाङ्ग दिवस मनाउने र सो को लागि वडा-वडामा खवर गरी अधिकतम सहभागी गराउन सवैले आ-आफ्नो स्थानबाट सहयोग गर्ने निर्णय गरियो ।

६. गाउँपालिकाको टेक्टरलाई कुनै उपभोक्ता समिति तथा व्यक्तिगत रुपमा प्रयोग गर्दा मर्स्याङ्दी गाउँपालिका व्याकहो लोडर सञ्चालन कार्यविधि, २०७५ मा व्यवस्था भएको समितिले दुरी र समय हेरी भाडा निर्धारण गरि

उठाउनका लागि सोही समितिलाई नै जिम्मेवारी दिने निर्णय गरियो । साथै व्याकहो लोडर र टेक्टरबाट उठेको रकम व्यवस्थित रुपमा रेकर्ड राख्न र व्याकहो लोडर अपरेटरको भत्ता उपलब्ध गराउन मिटर, लगबुक चेक जाँच गर्नका लागि राजश्व शाखाको जिम्मेवारी सम्हालेका कर्मचारी श्री लिल बहादुर रिमाललाई जिम्मेवारी दिने निर्णय गरियो ।

७. कोसिस नेपालले गाउँपालिका सँगको सहकार्यमा २०१९ जनवरीबाट कार्यक्रम अगाडी बढाउन लागेकोमा गाउँपालिकाबाट छुट्याउने वजेट आगामी गाउँसभाबाट व्यवस्था गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो ।

८. मिति २०७५/०८/१७ देखी २० सम्म मर्स्याङ्दी गाउँपालिका र भरतपुर आँखा अस्पतालको सहकार्यमा सञ्चालन हुने आँखाको अपरेशन सहितको स्वास्थ्य शिविरको लागि स्वास्थ्य शिविर सञ्चालन शिर्षकमा विनियोजन भएको रु ४ लाख वजेट मध्ये शिविरमा सहभागी चिकित्सक, स्वास्थ्यकर्मीहरुको खाजा, खाना, होटल बास तथा अन्य व्यवस्थापनका लागि रु २ लाख वजेट व्यवस्था गर्ने निर्णय गरियो ।

९. लमजुङ जिल्लाका सम्पूर्ण नगरपालिका तथा गाउँपालिकाहरुको, जिल्ला सदरमुकाममा भएको भलिवल प्रतियोगिताका लागि विभिन्न धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षकमा विनियोजन भएको रकमबाट विनियोजन हुने गरी मर्स्याङ्दी गाउँपालिका युवा तथा खेलकुद विकास समितिलाई रु ३० हजार उपलब्ध गराउने र सो भलिवल खेल आयोजना गर्ने लमजुङ जिल्ला भलिवल संघलाई रु १५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

१०. यस गाउँपालिका अध्यक्ष श्री अर्जुन गुरुङलाई चिनको UCLG-ASPAC/BRLC संस्थाबाट प्राप्त निमन्त्रणा पत्रका आधारमा निजलाई विदेश भ्रमणका लागि स्वीकृती दिने र वैदेशिक भ्रमण गर्दा गण्डकी प्रदेश राजपत्रमा उल्लेखित दरमा दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

११. गाउँपालिकाको आयोजनामा वडा अध्यक्षहरु, वडा सचिवहरु तथा अन्य कर्मचारी सहभागी हुने ३ दिने पञ्जीकरण, अनलाईन घटना दर्ता, सामाजिक सुरक्षा तथा नागरिकता सिफारिस सम्बन्धि तालिम यही २०७५ मंसिर २३,२४ र २५ गते आयोजना गर्ने निर्णय गरियो ।

१२. गाउँपालिकाको वडा नं. ८ मा निर्माणाधिन फोहोरमैला संकलन केन्द्रका लागि सबै वडाबाट जनसहभागीता जनाउन असहज हुने भएकोले उक्त आयोजना श्रमदान विना नै सम्झौता गरी काम अगाडी बढाउने निर्णय गरियो । त्यसै गरि यस अघि नै सम्झौता भई काम अघि बढेको तरकारी संकलन केन्द्र, खुदीमा पनि सबै वडाबाट श्रमदान जुटाउन असहज भएकोले उक्त आयोजना पनि श्रमदान विना नै काम अगाडी बढाउने निर्णय गरियो ।

१३. यस गाउँपालिका भित्र करारमा नियुक्त भएका शिक्षकहरुको गाउँपालिकाको शिक्षा शाखामा अभिलेखिकरणका लागि प्रा.वि., नि.मा.वि. र मा.वि. कणे क्रमश : रु ५००।००, रु ७००।०० र रु १,०००।०० शुल्क लिने निर्णय गरियो ।